# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७३/०७४

चलानि नम्बर ८ ३८९

प्राप्त पत्र संख्या

लु.अ. नेपाल

मितिः २०७४।०२।११

## लिलाम वढावढ सम्बन्धी सूचना

## दोस्रो पटक प्रकाशित मितिः-२०७४।०२।११

अर्घाखाँची जिल्ला अदालतले खरिद गरी लिएको साविकमा कृषि सामग्री कम्पनीको गोदाम तथा घर रहेको कि नं १४७० को जग्गामा रहेका पुराना गोदाम तथा घर सहितका भौतिक संरचना र सोही जग्गामा र अदालतको निर्माणाधिन मूल भवनको कम्पाउण्डमा रहेका बिभिन्न जातका खडा रुखहरु जिल्ला प्राविधिक कार्यालय अर्घाखाँची र जिल्ला वन कार्यालय अर्घाखाँचीबाट मूल्याङ्कन भई आएको देहाय बमोजिमको मूल्याङ्कित रकममा नघटने गरी देहायका शर्तमा बढाबढद्धारा लिलाम बिक्री गर्नु पर्ने भएकोले प्रथम पटक मिति २०७३।१।१५ गते सूचना प्रकाशित गरिएकोमा कोही लिलाम वोल्न नआएका हुँदा आर्थिक कार्यबिधि नियमावली २०६४ को परिच्छेद ७ को नियम ५८ को उपनियम ११ बमोजिम दोस्रो पटक यो सूचना प्रकाशित गरिएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले लिलाम बढाबढमा सहभागी हुनको लागि दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बढाबढ द्वारा लिलाम विक्री गरिने भौतिक संरचना र रुखहरुको विवरणः

| सि.नं. | लिलाम विक्री गरिने वस्तुको विवरण | संख्या | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| ५. | पुरानो गोदाम घर (२ कोठा सहितको गोदामं घरमा रहेका इटा, ढुङ्गा, जस्ता, रड, काठ आदि समेत पुरै) | १ थान | रु.३,८०,७१८।४० | (मू.अ.क. तथा अन्य सरकारी दस्तुर तथा सेवा शुल्क बाहेक) |
| ६. | पुरानो कार्यालय भवन (४ कोठा सहितको भवनमा रहेका इटा, ढुङ्गा, जस्ता, रँड, काठ आदि समेत पुरै) | १ थान | | |
| ७. | पुरानो पाले घर र पुरानो ट्वाईलेट, बाथरुम (२ कोठा सहितको पाले घरमा रहेका इटा, ढुङ्गा, जस्ता, रड, | १ थान पाले घर।१/१ | | |

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७३/०७४
चलानि नम्बर ५३४९
प्राप्त पत्र संख्या

लु.अ. नेपाल
मितिः २०७४।०२।११

| | | | | |
|---|---|---|---|---|
| | काठ आदि समेत पुरै र ट्वाईलेट, बाथरुम) | थान टवाईलेट बाथरुम (पुरानो) | | |
| ८. | कि.नं.१४७० को जग्गामा रहेका र अदालतको निर्माणाधिन भवनको कम्पाउण्डमा रहेका जिल्ला बन कार्यालयबाट टाँचा लागेका बिभिन्न जातका खडा रुखहरु । | ३३ थान | रु. २०,९३१।०० | (मू.अ.क. तथा अन्य सरकारी दस्तुर तथा सेवा शुल्क बाहेक) |
| लिलाम सकार गर्नुपर्ने न्यूनतम एकमुष्ट मूल्यः | | | रु. ४,०१,६४९.४० | (मू.अ.क. तथा अन्य सरकारी दस्तुर तथा सेवा शुल्क बाहेक) |

<u>शर्तहरुः-</u>

२०. दरखास्त फारम रु. १,०००।-(फिर्ता नहुने गरी) बुझाई यस अदालतबाट खरिद गर्न सकिने छ ।

२१. दरखास्त फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिनको १२ वजे सम्ममा यस अदालतबाट खरिद गर्न सकिने छ ।

२२. दरखास्त फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयसम्ममा यस अदालतमा दाखिला गरी सक्नु पर्नेछ ।

२३. लिलाम बढाबढ हुने स्थान, मिति र समयः-

<u>स्थानः</u>- अर्घाखाँची जिल्ला अदालतको नाममा रहेको कि.नं. १४७० को साविक कृषि सामग्री कम्पनीको जग्गामा (पुराना भौतिक संरचनाहरु र खडा रुखहरु रहेको जग्गामा) ।

<u>मितिः</u>- यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन ।

<u>लिलाम वढावढ हुने समयः</u> दिनको २ बजे र अन्त्य हुने समय सोही दिनको ५ बजे । उक्त दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट सोही स्थान र समयमा लिलाम वढावढ हुनेछ ।

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७३/०७४
चलानि नम्बर ६३४१
प्राप्त पत्र संख्या

लु.अ. नेपाल
मितिः २०७४।०२।११

२४. लिलाम वढावढका लागि दरखास्त दिने व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र उक्त लिलाम वढावढमा सहभागि हुन पाउने छन् ।

२५. माथी उल्लेख भएको न्यूनतम मूल्यको अङ्कबाट लिलाम बढाबढ शुरु गरिने छ ।

२६. सवैभन्दा वढी अंङ्क वोलकवोल गर्ने व्यक्तिलाई लिलाम सकार गर्न दिईनेछ ।

२७. बोलकवोल गर्दा कवोल अङ्कको १० प्रतिशतले हुने रकम धरौट राख्नु पर्नेछ ।

२८. लिलाम सकार गर्न डाँक अङ्क बढदै गएमा सोही अनुपातमा १० प्रतिशतका दरले धरौटीमा रकम थप गर्दै जानु पर्नेछ ।

२९. लिलाम सकार गर्ने ब्यक्तिले कबोल गरेको पुरै रकम लिलाम वढावढ भएको मितिले तीन दिन भित्र यस अदालतमा बुझाई ३० दिन भित्र लिलाम सकार गरेको पुराना भौतिक संरचना आफ्नैतर्फबाट भत्काई र रुखहरु समेत आफ्नै तर्फबाट कटान गरी उठाई लैजानु पर्नेछ । उक्त म्याद भित्र वाँकी रकम नवुझाएमा धरौट रकम ज़फत गरी निज भन्दा दोस्रो कम कवोल गर्नेलाई लिलाम सकार गर्न दिन सकिनेछ र निजले सकार गरेको मूल्यको १० प्रतिशत तत्कालै धरौट राखी ३ दिन भित्र वाँकी रकम चुक्ता गरी ३० दिनभित्र सकार गरेको भौतिक संरचना तथा रुखहरु भत्काई र कटाई गरी लैजानु पर्नेछ ।

३०. प्रकरण नं. १० मा उल्लेखित ब्यक्तिले म्याद भित्र तोकिएको कार्य नगरेमा धरौटी जफत गरी अर्को सूचना प्रकाशित गरी लिलाम गरिनेछ । साथै उल्लेखित सामाग्री ३० दिन भित्र उठाई वा कटान गरी लैजान नसकेमा धरौट रहेको रकमबाट दैनिक १% का दरले जरिवाना वापत कट्टा गरी वाँकी धरौट रकम मात्र फिर्ता गरिने छ ।

३१. लिलाम वढावढ हुने समान जहाँ जुन अवस्थामा छ सोही अवस्थामा लिलाम वढावढ हुनेछ र ती समान जहिले सुकै हेर्न सकिनेछ ।

३२. लिलाम वढावढ गरी लिएको भौतिक संरचना भत्काउँदा र रुखहरु कटान गर्दा सो भौतिक संरचना वा रुख रहेको जग्गामा कुनै खाडल पर्न गएमा ती खाडलहरु लिलाम सकार गर्ने व्यक्तिले अनिबार्य रुपमा पुरी जग्गा समथर तुल्याई दिनु पर्नेछ ।

३३. वढावढ गरी लिएको सामान उठाई वा कटाई गरी लैजाँदा कुनै रावश्व वा दै दस्तुर आदि कुनै निकायमा वुझाउनु पर्ने भए त्यस्तो रकम डाँक वाला स्वयंले नै वुझाउनु पर्नेछ ।

३४. संरचना भत्काउँदा र रुख कटान गर्दा उक्त जग्गाको नजिक रहेका अन्य संरचना, बिजुली टेलिफोनको पोल वा लाईन वा कुनै ब्यक्ति वा निकायको कुनै सम्पत्तीमा क्षति नपुग्ने गरी

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७३/०७४
चलानि नम्बर ८९४९
प्राप्त पत्र संख्या

लु.अ. नेपाल
मितिः २०७४।०२।११

भत्काउनु वा कटान गर्नु पर्नेछ । त्यसबाट कसैको कुनै क्षति हुन गएमा सो क्षति स्वंय लिलाम सकार गर्ने व्यक्तिले अनिबार्य रुपमा ब्यहोर्नु पर्नेछ।

३५. लिलाम बढाबढ सम्बन्धी सूचना अनुसार लिलाम विक्री हुने पुराना भौतिक संरचना र बिभिन्न जातका खडा रुखहरुको संयुक्त रुपमा एकमुष्ट रकम बोलकवोल गर्नु पर्नेछ । कुनै एक खण्डको मात्र बोलकवोल गर्न पाईने छैन ।

३६. लिलाम विक्री सम्बन्धी अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

३७. लिलाम विक्री सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयमा यस अदालतमा सम्पर्क राखी त्यस्तो जानकारी लिन सकिने छ ।

३८. वढी वोलकवोल गर्ने व्यक्तिलाई लिलाम सकार गराउने वा नगराउने अन्तिम अधिकार यस अदालतमा निहित रहने छ र यस विषयमा कहींकतै कुनै उजुर लाग्न छैन ।

निमित्त सेस्तेदार